# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, साउन ११ गते, २०७९ साल (अतिरिक्ताङ्क १०

## भाग २

गण्डकी प्रदेश सरकार

**<u>भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना</u>**

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०४।११ गते बसेको बैठकले देहाय बमोजिमको आदेश जारी गरेकोले सर्वसाधारणको जानकारीको लगि यो सूचना प्रकाशन गरिएको छः-

आदेश

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १७६ को उपदफा (१) को देहाय खण्ड (घ) को व्याख्या सम्बन्धमा "त्यसपछि सो आर्थिक पाँच वर्षसम्म नाघेमा दोब्बर दस्तुर तिर्नुपर्नेछ।" भन्ने व्यवस्था स्पष्ट पार्न आवश्यक भएकोले देहायको जरिबानाको दस्तुर कार्यान्वयनका लागि सोही ऐनको दफा २१९ बमोजिम प्रदेश सरकारबाट बाधा अड्काउ फुकाउने गरी सो ऐनको दफा १७६ को उपदफा (१) को खण्ड (घ) को व्याख्यात्मक संशोधन देहाय बमोजिम हुनेछ ।

<u>देहाय</u>

१. त्यसपछिको पहिलो आर्थिक वर्षसम्म साविक आ.व.को करको २० प्रतिशतका दरले जरिबाना,

२. दोस्रो आर्थिक वर्षसम्म साविक आ.व.को करको ४० प्रतिशतका दरले जरिबाना,

३. तेस्रो आर्थिक वर्षसम्म साविक आ.व.को करको ६० प्रतिशतका दरले जरिबाना,

४. चौथो आर्थिक वर्षसम्म साविक आ.व.को करको ८० प्रतिशतका दरले जरिबाना,

५. पाँचौ आर्थिक वर्षसम्म साविक आ.व.को करको १०० प्रतिशतका दरले जरिबाना लाग्ने छ ।

आज्ञाले,

ई. गणेशराज वस्ती

प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.१०।-